लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
# सामाजिक विकास डिभिजन कार्यालय
तौलिहवा, कपिलवस्तु ।

प.स.- २०८०/०८१
च.नं.-

मितिः २०८०/०९/१९

## प्रस्ताव पेश गर्ने बारेको सूचना

सूचना नं. ०१।२०८०/२०८१

प्रकाशित मितिः २०८०।०९।१९

यस कार्यालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये **बाल अधिकार तथा सामाजिक न्याय कार्यक्रम** अन्तर्गत कपिलवस्तु र अर्घाखाँची जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालनका लागि सि. वि. आर. सम्बन्धी (गैर सरकारी, स्वाबलम्बी, पुनस्थार्पना र विकास सम्बन्धी) काम गर्ने संस्था छनौट गरी संस्था मार्फत कार्यक्रम संचालन गर्नुपर्ने भएकाले सम्बन्धित संघ, संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले **१५ दिन** भित्र (कार्यालय समय भित्र) यस कार्यालयमा तपशिल बमोजिमका कागजातहरु समेत संलग्न गरी प्रस्ताव पेश गर्नका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । थप जानकारी र विवरणको लागि लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट स्वीकृत **अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (CBR) संचालन कार्यविधि, २०८०** को लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ।

तपशिलः

१. **मुल्याङ्कनका आधारहरु:**

क) अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाको सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव वापत- अंक २०

- कम्तिमा १ वर्ष अनुभव भएकोमा- अंक १०
- १ वर्ष देखि ३ वर्ष सम्म अनुभव भएकोमा- अंक १५
- ३ वर्ष भन्दा माथि अनुभव भएकोमा- अंक २०
- संस्थामा कार्यरत सिविआर तालिम लिएका जनशक्तिको विवरण वापत- अंक १०
- १ देखि ३ जना- अंक ८
- ४ वा सो भन्दा माथि- अंक १०

राम करन पाल
नि. कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
तौलिहवा, कपिलवस्तु।

प.स.- २०८०/०८१
च.नं.-

मिति: २०८०/०९/१९

ख) भौतिक पूर्वाधारको अवस्था- अंक १०

- आफ्नै भवनमा कार्यालय रहेको- अंक १०
- भाडामा कार्यालय रहेको- अंक ७

ग) संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली भएकोमा- अंक ५

घ) स्थानीय तहले निर्धारण गरेका अन्य आधारहरु- अंक ५

२. <u>संस्था छनौट प्रक्रियामा दरखास्तसंगै अनिवार्य बुझाउनु पर्ने कागजपत्र तथा अन्य विवरणहरु:</u>

क) संस्थाको निवेदन

ख) अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात,

ग) संस्था दर्ता नवीकरण, संस्थाको विधान,

घ) प्रशासनिक र आर्थिक नियमावलीको छायाँ कपी,

ङ) गत आ. व. को वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

च) प्रस्तावना पेश गर्ने सम्बन्धी संस्थाको कार्यसमितिको निर्णयको प्रतिलिपी,

छ) संस्थाको आफ्नै भवन भएकोमा सो को जग्गाधनी पुर्जाको फोटोकपी

ज) संस्था भाडामा रहेकोमा घरधनीसँगको सम्झौता पत्र

झ) कार्यरत जनशक्ति सि.वि.आर. सहजकर्ताको विवरण खुल्ने कागजात र

ञ) संस्था रहेको स्थानीय तहको सिफारिस।

राम करन पाल
नि. कार्यालय प्रमुख